मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८०**

तह : एम.एड./प्रथम सेमेस्टर    पूर्णाङ्क: ६०

समय: ३ घण्टा    उत्तीर्णाङ्क: ३०

**विषय:** पूर्वीय साहित्य सिद्धान्त (नेपा. शि. ५१४)

---

*परीक्षार्थीहरूले मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ।*

## समूह 'ख'

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।    ६×५= ३०**

१. काव्य हेतु भनेको के हो ? सोदाहरण परिचय दिनुहोस्।

२. शब्दशक्तिको परिचय दिई काव्यमा यसको उपयोगिता औंल्याउनुहोस्।

३. माधुर्य गुणको परिचय दिई यसका विशेषताहरू उल्लेख गर्नुहोस्।

**अथवा**

ओज गुणको परिचय दिई यसका विशेषताहरू उल्लेख गर्नुहोस्।

४. काव्य दोष भनेको के हो ? उदाहरणसहित स्पष्ट पार्नुहोस्।

५. शृङ्गार रसको उदाहरण दिई रस सामग्रीहरूको विश्लेषण गर्नुहोस्।

६. ध्वनि सिद्धान्तअनुसार कस्तो काव्यलाई उत्तम र कस्तो काव्यलाई अधम काव्यमा वर्गीकरण गरिन्छ ? स्पष्ट पार्नुहोस्।

**अथवा**

रीतिलाई परिभाषित गर्दै साहित्यमा रीतिको भूमिका निर्धारण गर्नुहोस्।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्।    २×१०= २०**

७. अर्थालङ्कारको उदाहरणसहित परिचय दिई काव्यमा अलङ्कारको उपयोगिता औंल्याउनुहोस्।

८. नव रसहरूको सोदाहरण परिचय दिनुहोस्।

**अथवा**

वक्रोक्तिलाई परिभाषित गर्दै यसका प्रकारहरूको वर्णन गर्नुहोस्।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८०**

**तह : एम.एड. / प्रथम सेमेस्टर**

**विषय: पूर्वीय साहित्य सिद्धान्त (नेपा.शि. ५१४)**

---

**रोल नं. ........................**

**समूह 'क'**

**तलका दिइएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तर छान्नुहोस् ।** **१०x१= १०**

१. काव्यको परिभाषा दिँदा विश्वनाथले मुख्यतः कुन कुरामा जोड दिएका छन् ?

(क) अलङ्कार (ख) रस

(ग) ध्वनि (घ) वक्रोक्ति

२ स्रष्टाले नाम वा प्रसिद्धि प्राप्त गर्न काव्य रचना गर्दछ भने त्यो कुन काव्य प्रयोजनअन्तर्गत पर्दछ ।

(क) कीर्ति (ख) धनलाभ

(ग) आनन्दानुभूति (घ) अनर्थ निवारण

३. पूर्वीय काव्य परम्परामा कुन शब्दशक्ति भएको साहित्यलाई उत्तम कोटिको मानिन्छ ?

(क) अभिधा (ख) प्रयोजनवती लक्षणा

(ग) व्यञ्जना (घ) रूढि लक्षणा

४. पाठकमा जोस र आवेगको सञ्चार गर्ने काव्य गुण कुन हो ?

(क) माधुर्य (ख) ओज

(ग) प्रसाद (घ) कान्ति

५. काव्यमा अप्रचलित र स्वनिर्मित शब्दको प्रयोगबाट उत्पन्न हुने दोषलाई के भनिन्छ ?

(क) श्रुतिकटुता (ख) अश्लीलता

(ग) ग्राम्यता (घ) अप्रयुक्तता

६. अद्भूत रसको स्थायी भाव के हो ?

(क) रति (ख) क्रोध

(ग) विस्मय (घ) भय

७. ध्वनि सिद्धान्तका प्रवर्तक को हुन् ?

(क) भरतमुनि (ख) भामह

(ग) मम्मट (घ) आनन्दवर्द्धन

८. 'पुष्पझैँ वालक' र 'पुष्पवालक' मा कुन अलङ्कार पर्दछ ?

(क) उपमा र रूपक (ख) रूपक र यमक

(ग) उपमा र दृष्टान्त (घ) उपमा र उत्प्रेक्षा

९. कठोर वर्णहरूको संयोजनवाट निर्माण हुने रीति कुन चाहिँ हो ?

(क) वैदर्भी (ख) गौडी

(ग) पाञ्चाली (घ) लाटी

१०. काव्यमा विशेप प्रसङ्ग वा घटना जोडेर प्रस्तुत गरिने वक्रतालाई के भनिन्छ ?

(क) वर्णविन्यास वक्रता (ख) पदपूर्वार्द्ध वक्रता

(ग) प्रवन्ध वक्रता (घ) प्रकरण वक्रता